**<u>बैठक नं ३९</u>** मिति : २०७५/०७/२७

आज मिति २०७५ साल कार्तीक २७ गते मंगलवार दिनको ११.०० वजे खँदवारी नगर कार्यपालिकाका प्रमुख श्री मुरारीप्रसाद खतिवडा ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको उनान्नचालिसौ बैठक वसी देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| १. | नगर कार्यपालिका प्रमुख | श्री मुरारीप्रसाद खतिवडा |
| २. | नगर कार्यपालिका उप-प्रमुख | श्री डेगेश्वरी श्रेष्ठ |
| ३. | नगर कार्यपालिका सदस्य, वडा नं १ | श्री निरञ्जन श्रेष्ठ |
| ४. | नगर कार्यपालिका सदस्य,. वडा नं २ | श्री ज्ञानवहादुर श्रेष्ठ |
| ५. | नगर कार्यपालिका सदस्य, वडा नं ३ | श्री देवराज घिमिरे |
| ६. | नगर कार्यपालिका सदस्य, वडा नं ४ | श्री सजित राई |
| ७. | नगर कार्यपालिका सदस्य, वडा नं ५ | श्री श्यामप्रसाद निरौला |
| ८. | नगर कार्यपालिका सदस्य, वडा नं ६ | श्री दयानिधी वराल |
| ९. | नगर कार्यपालिका सदस्य, वडा नं ७ | श्री मौसम आले मगर |
| १०. | नगर कार्यपालिका सदस्य, वडा नं ८ | श्री डम्वरवहादुर कटुवाल |
| ११. | नगर कार्यपालिका सदस्य, वडा नं ९ | श्री टिकाराम कुमाल |
| १२. | नगर कार्यपालिका सदस्य, वडा नं १० | श्री केशव राजसिं थापा |
| १३. | नगर कार्यपालिका सदस्य, वडा नं ११ | श्री नगेन्द्र गुरुङ्ग |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सुनीता कटुवाल कार्की |
| १५. | नगर कार्यपालिका सदस्य | श्री कुङ्गाङ लामा |
| १६. | नगर कार्यपालिका सदस्य | श्री वालकुमारी सोडारी |
| १७. | नगर कार्यपालिका सदस्य | श्री इन्द्रमाया वराइली |
| १८. | नगर कार्यपालिका सदस्य | श्री गोपी घिमिरे |
| १९. | नगर कार्यपालिका सदस्य | श्री चन्द्रकला तामाङ्ग |
| २०. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी राई सुंनुवार |
| २१. | नगर कार्यपालिका सदस्य | श्री पदमलाल सार्की |
| २२. | ~~नगर कार्यपालिका सदस्य~~ | ~~श्री टिकाराम कुमाल~~ |
| २३. | नि. नगर कार्यपालिका सचिव | श्री दिपकमणि घिमिरे |
| २४. | प्रशासन तथा योजना अधिकृत | श्री लक्ष्मण कुइकेल |
| २५. | लेखा अधिकृत | श्री रुद्रमणि श्रेष्ठ |
| २६. | ना.सु.(वैठक निर्णय लेखन) | श्री गणेश श्रेष्ठ |
| २७. | ना.सु. | श्री कमलवहादुर कार्की |

निर्णय नं १

खादवारी नगरपालिका वडा नं ८ मा अवस्थित पुर्वको मनकामना धाम विगत वर्षहरुमा झैं यस वर्षको मिति २०७५ साल मंसिर २ गते एकादशी मेला लाग्ने गरेकोमा यस वर्ष देखि नगरपालिकाले वृहतर मनकामना विकास समितिको समेत गठन भई सकेको, उक्त मेलालाई भव्य र सभ्य ढंगवाट संचालन एवं सम्पन्न गर्नको लागी विभिन्न उप समितिहरु समेत गठन गरि सकिएको वृहतर मनकामना विकास समिति मार्फत खर्चहुने गरि नगरको तेस्रो नगर सभा वाट सस्कृति/कला/साहित्य प्रवर्द्धन शिर्षकअन्तरगत नगरक्षेत्र भित्रका मुर्त अमुर्त सस्कृती/कल/साहित्य आदी प्रवर्द्धन कार्यक्रममा विनियाजित रकम रु १०,००००० । वाट खर्च लेख्ने गरि हाल पेश्की स्वरुप रु ५,००,००० । पाच लाख मात्र सो समितिको खातामा जम्मा गर्ने गरि विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं २ देहाय वमोजिमको निर्णय गरियो ।

क, खादवारी नगरपालिकाको आ.व. २०७४/०७५ को आन्तरिक लेखा परिक्षण नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखा वाट गर्नपर्ने प्रावधान रहेको तर हाल यस कार्यालयमा सो शाखाको गठन एवं. आवश्यक कर्मचारी नभएको कारण सो कार्य गर्नको लागी जिल्ला स्थित श्री कोष तथा लेखा नियन्त्रक कार्यालय संखुवा सभालाई अनुरोध गरि पठाउन कार्यालयलाई निर्देशन गर्ने ।

ख, खादवारी नगरपालिकालाई शसर्त अनुदान वाट आ.व, २०७५/०७६ मा प्राप्त भएको अख्तियारी २२,८८,००००० । मध्ये हाल सम्म ५,७३,८७५०० । मात्र एक चौथाई निकाशा भई सकेको उक्त रकमले शिक्षा क्षेत्रमा कार्यरत शिक्षक कर्मचारीहरुलाई चौमासिक रकम निकाशा गर्न नपुग भएकोले यस कार्यालयमा भएको संचित कोष वाट सापटी (ट्रान्सफर) गरि चालु खातामा लगि तलव निकाशा गरिएकोले सापटी (ट्रान्सफर) गरिएको रकम रु १,००,००००० । एक करोड पछि सोधभर्ना हुने गरि अनुमोदन गर्ने ।

निर्णय नं ३

खादवारी नगरपालिकाको तर्फवाट कुनै पनि मुद्धा निवेदनहरु नालिस,फिराद पत्रप्रतिउत्तर पत्र,मिला पत्र लिखित जवाफ,रिट निवेदनहरु गर्न गराउनका लागी यसै खादवारी नगरपालिकाका उप प्रमुख न्यायीक समितिका संयोजक डेगेश्वरी श्रेष्ठज्यूलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

निर्णय नं ४

खादवारी नगरपालिकाको शिक्षा नियमावली २०७५ मा देहाय अनुसारको संसोधन गर्ने ।

समितिमा मनोनित पदाधिकारीहरुको पदावधि ३ वर्षको हुने छ ।

ख. नियम २६ (१) पछि देहायको नियम २६ (२) थप गर्ने ।

समितिमा मनोनित पदाधिकारीहरुको पदावधि ३ वर्षको हने छ ।

ग. नियम २७ (१) पछि देहायको नियम २७ (२) थप गर्ने ।

समितिमा मनोनित पदाधिकारीहरुको पदावधि ३ वर्षको हने छ ।

घ. नियम ३४ (५) पछि देहायको नियम ३५ (६) थप गर्ने ।

समितिमा मनोनित पदाधिकारीहरुको पदावधि २ वर्षको हने छ ।

ङ.नियम ८८ (१) मा "कार्यपालिका" भन्ने शब्दवालीको सट्टामा "नगरकार्यपालिकाको कार्यालय" राख्ने ।

वृहतर मनकामना क्षेत्र विकास समिति २०७५ मा देहाय अनुसारको संसोधन गर्ने ।

क. नियम १४ पछाडी देहाय अनुसारको नियम १५ थप गर्ने ।

समितिको छाप :- समितिको एक छुट्टै छाप हुने छ । उक्त छाप अनुसूची २ वमोजिम हुने छ ।

अनुसूची २

दोहोरो वृतकार भित्र वृहत्तर मनकामना विकास समिति रहने छ । वृताकारको मध्य भागमा मनकामना मन्दिरको प्रतिकको रुपमा मन्दिर रहनेछ । वृताकारको भित्रिभागको अन्तमा खादवारी संखुवा सभा स्थापना २०७५ रहने छ ।

निर्णय नं ५

कार्यक्रम संसोधन सम्वन्धमा खादवारी नगरपालिका वडा नं ४ वाट प्राप्त संसोधन प्रस्ताव आ.व. २०७५/०७६ मा कार्यान्यन गर्ने गरि देहाय अनुसार संसोधन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| साविकको कार्यक्रम | संसोधन हुनुपर्ने कार्यक्रम |
|---|---|
| निभारे लहरी सडक स्तर वृद्धि | निभारे लहरी सडक ट्र्याक ओपन |
| अरुण थान सित्तलपाटी वाटो स्तर उन्नती | अरुण थान सित्तलपाटी वाटो ट्र्याक ओपन |

निर्णय नं ६

विविध

खाँदवारी नगरपालिकाको तेस्रो नगरसभावाट पारित नगरकार्यापालिकाको विनियोजन विधेयक २०७५ वाट समेत पारित वजेट सिर्षक नं ३११५० सार्वजनीक निर्माण अन्तरगत सस्कृति / कला / साहित्य प्रवर्द्धन कार्यक्रमवाट देहाय वमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम रु | ल.ई. | खर्च शिर्षक |
|---|---|---|---|---|
| १ | मकालु साहित्यीक समाज लक्ष्मी प्रसाद देवकोटा जयन्ती | २०,०००। | ०० | सस्कृति / कला / साहित्य प्रवर्द्धन |
| २ | पाठकधारा टो.वि.स. जेष्ठ नागरिक लगत संकलन तथा पुस्तक प्रकाशन र सांष्कृतिक कार्यक्रम संचालन खर्च | १,०००००। | | सस्कृति / कला / साहित्य प्रवर्द्धन |
| ३ | मंगला देवी मा.वि. तिनपोखरी प्रवेश मार्ग | १,०००००। | १३१९१० | मर्मत संभार कोष |
| ४ | हिमालय मा.वि.आंला, विघालय भवन निर्माणस्थल निर्माण | १५०,०००। | | मर्मत संभार कोष |